फोन नं: ०८९-४३००७६
Email: dgao.jajarkot@ag.gov.np, Web: www.ag.gov.np

# जिल्ला सरकारी वकील कार्यालय
## जाजरकोट
### (प्रशासन शाखा)

जिल्ला सरकारी वकील कार्यालय जाजरकोट

पत्र संख्याः२०८२।०८३
चलानी नं. ४३२ मितिः २०८२।१२।२६

**विषयः समन्वय समितिको वैठकको निर्णयको प्रतिलिपी पठाएको सम्बन्धमा ।**

श्री महान्यायाधिवक्ताको कार्यालय, समन्वय समितिको सचिवालय ।
श्री महान्यायाधिवक्ताको कार्यालय, योजना, अनुसन्धान तथा अनुगमन विभाग ।
श्री उच्च सरकारी वकील कार्यालय, सुर्खेत ।
श्री जाजरकोट जिल्ला अदालत ।
श्री जिल्ला प्रशासन कार्यालय, जाजरकोट ।
श्री जिल्ला प्रहरी कार्यालय, जाजरकोट ।
श्री स्वास्थ्य सेवा कार्यालय, जाजरकोट ।
श्री डिभिजन वन कार्यालय, जाजरकोट ।
श्री जाजरकोट जिल्ला अदालत बार इकाई ।
श्री जिल्ला कानूनी सहायता समिति जाजरकोट ।

उपर्युक्त सम्बन्धमा नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० बमोजिम गठनं भएको जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितिको वैठक मिति २०८२।१२।२६ गते सम्पन्न भएकाले निर्णयको प्रतिलिपी पाना ३ संलग्न गरी पठाइएको छ।

२०८२।१२।२६
(नगेन्द्र लम्साल)
जिल्ला न्यायाधिवक्ता

### वैठक नं. २१

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० बमोजिम गठन भएको जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितिको वैठक आज मिति २०८२।१२।२६ गते बिहिबार, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटमा देहायको उपस्थितिमा वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट : अध्यक्ष

श्री बसन्तकुमार शर्मा, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, जाजरकोटः सदस्य

श्री दिलिपकुमार सोनी, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, जाजरकोटः सदस्य

श्री डा. सुनिल पुन, कार्यालय प्रमुख, स्वास्थ्य सेवा कार्यालय, जाजरकोटः सदस्य

श्री डिल्लीराज ज्ञवाली, सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटः सदस्य सचिव

**आमन्त्रितः**

श्री सरोजनिधी वाग्ले, श्रेस्तेदार, जाजरकोट जिल्ला अदालत

श्री कृष्णराम धिताल, वरिष्ठ वन अधिकृत, डिभिजन वन कार्यालय, जाजरकोट

श्री भीमबहादुर सिंह, अध्यक्ष, जाजरकोट जिल्ला अदालत बार इकाई

श्री एक्कबहादुर नेपाली, प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

श्री सहदेवजंग शाह, जिल्ला कानूनी सहायता अधिकारी, जिल्ला कानूनी सहायता समिति जाजरकोट

श्री गोविन्द वि.क., नायव सुब्बा, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

श्री गणेशबहादुर घर्ती, नायव सुब्बा, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

श्री सुमन भण्डारी, सहायक कम्प्युटर अपरेटर, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

श्री मिमबहादुर शाही, खरिदार, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

श्री कृतिबहादुर बुढा, खरिदार, डिभिजन वन कार्यालय, जाजरकोट

**प्रस्तावहरु**

१) सजाय छुट सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा।

२) कानूनी सहायता सम्बन्धमा।

**निर्णयहरूः**

१) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ लगायत नेपाल सरकार वादी हुने फौजदारी मुद्दाका विभिन्न कानूनहरुमा सजाय छुट सम्बन्धी व्यवस्था रहेको छ । नेपाल सरकारबाट सजाय छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० समेत जारी भई अनुसन्धान अधिकारीबाट सजाय छुट सम्बन्धि सिफारिस भई अभियोजन गर्ने निकाय सरकारी वकीलबाट समेत अभियोग पत्र र निर्णयमा सजाय छुट सम्बन्धि विषयलाई समावेश गरी जाजरकोट जिल्ला अदालतमा सजाय छुट सम्बन्धी मागदावीको अभ्यास गरी अभियोजन भई केहि मुद्दाहरुमा सजाय छुट सहित फैसला समेत भएको अवस्था छ । अनुसन्धान गर्ने निकायहरुले बयान र सोधपुछका क्रममा प्रतिवादी र कानूनको विवादमा परेका बालबालिका सहित अनुसन्धानकै चरणमा जाहेरवाला/पीडितलाई सजाय छुटको विषयमा जानकारी गराई प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाबाट अनुसन्धानमा सहयोग पुग्दा अनुसन्धान प्रभावकारी हुने भएकाले अनुसन्धानको प्रारम्भिक चरणदेखि अनुसन्धान अधिकारीले सजाय छुट लिन सकिने मुद्दाहरुका विषयमा सरकारी वकीलसँग छलफल गर्ने । सजाय छुट सम्बन्धमा प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाले निजको कानूनी व्यवसायीसँग कानूनी परामर्श लिन चाहेमा परामर्श र भेटघाटको ब्यवस्था अनुसन्धान गर्ने निकायले मिलाउने । अनुसन्धान अधिकारीले सजाय छुट सम्बन्धी वार्तामा प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाले निजको कानून व्यवसायीलाई समेत वार्तामा सहभागी गराउने बारे अनुसन्धानको क्रममा जानकारी गराउने। सजाय छुटको मागदावी हुँदा मुद्दालाई छिटो छरितो रुपमा निरुपण गर्न

समेत अदालत र मुद्दा हेर्ने अधिकारीलाई सघाउ पुग्ने भएकाले प्रहरी, र वन सहितका कार्यालयहरुबाट हुने मुद्दाको अनुसन्धानमा सजाय छुट सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा सरकारवादी फौजदारी मुद्दाका असमर्थ पक्ष पीडित र लैङ्गिक हिंसाका पीडितलाई जाहेरी आफै तयार गरी अनुसन्धान गर्ने निकायमा पेश गर्न नसक्ने अवस्था भएमा जिल्ला कानूनी सहायता समिति जाजरकोटमा रहेका जिल्ला कानूनी सहायता अधिकारीबाट निःशुल्क कानूनी परामर्श र जाहेरी लेखनमा सहयोग लिन सकिने व्यवस्थाका बारेमा जानकारी गराउने । स्वास्थ्य सेवा कार्यालय, जाजरकोटमा स्वास्थ्य उपचार गराउन आउने लैङ्गिक हिंसा, यौन हिंसा र घरेलु हिंसाका पीडितलाई जिल्ला कानूनी सहायता समिति जाजरकोटबाट निःशुल्क कानूनी सहायता प्राप्त गर्न सकिने कानूनी व्यवस्थाका बारेमा जानकारी गराउने। कानून व्यवसायी राख्न नसक्ने भनी जानकारी गराई प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाले अनुसन्धानको क्रममा कानूनी परामर्श लिन चाहेमा जाजरकोट जिल्ला अदालतमा रहेका वैतनिक कानून व्यवसायी र जिल्ला कानूनी सहायता समिति जाजरकोटमा रहेका जिल्ला कानूनी सहायता अधिकारीबाट परामर्श प्राप्त गर्नका लागि प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाको निवेदन लिई आवश्यक सहयोगका लागि अनुसन्धान गर्ने निकायले जाजरकोट जिल्ला अदालत र जिल्ला कानूनी सहायता समिति जाजरकोटबाट सहयोगका लागि पत्राचार गर्ने। समन्वय समितिमा रहेका कार्यालयहरु र जिल्ला स्थित सरकारी कार्यालयहरुबाट निःशुल्क कानूनी सहायता प्राप्त गर्ने प्रकृयाका बारेमा कार्यालयहरुबाट आयोजना हुने कार्यक्रममा सचेतना जगाउने। जिल्ला स्थित कार्यालयहरुसँग कानूनी सहायता प्राप्त गर्ने प्रकृया सम्बन्धी जानकारी दिने कार्यका लागि जिल्ला प्रशासन कार्यालय जाजरकोटबाट आवश्यक समन्वय गर्ने। अर्धन्यायिक निकायले सरकारवादी फौजदारी मुद्दाको न्याय निरुपण गर्ने क्रममा प्रतिवादीले कानून व्यवसायी राख्न चाहेकोमा आर्थिक अवस्थाका कारण राख्न नसक्ने जानकारी गराएमा कानून व्यवसायीको प्रतिनिधित्व गराउन जिल्ला कानूनी सहायता समिति जाजरकोट र जाजरकोट जिल्ला अदालतमा रहेका वैतनिक कानून व्यवसायीको सहयोगका लागि समन्वय गर्ने निर्णय गरियो ।